**नेपाल सरकार र थारु कल्याणकारिणी सभा, ~~तथा~~**

**थारुहट/थारुवान संयुक्त संघर्ष समितिका बीचको सहमतिः**

१. थरुहट/थारुवान आन्दोलनका क्रममा टीकापुरमा भएको दु:खद् घटनामा आरोपित ई. धनीराम चौधरी, रेशमलाल चौधरी र लक्ष्मण चौधरी लगायतमाथि लगाइएको सम्पूर्ण मुद्दा फिर्ता र रिहाइका लागि संविधान र कानुनसम्मत पहल गर्ने ।

२. थरुहट/थारुवान आन्दोलनका क्रममा शहीद भई राहत प्राप्त गर्न छुटेका परिवारलाई राहत उपलब्ध गराउने, शहीद परिवारको उचित व्यवस्थापन गर्ने, घाइतेहरुको उपचार गर्ने र आन्दोलनका क्रममा विभिन्न स्थानमा भएको धनजनको क्षतिको छानविन र मुल्याङ्कन गरी क्षतिपूर्ति उपलब्ध गराउने प्रक्रिया अघि बढाउने । महिला र असहायमाथि दुर्व्यवहार गर्नेलाई छानविन गरी कानुनी दायरामा ल्याउने ।

३. संविधानमा उल्लेखित व्यवस्था र सम्मानित सर्वोच्च अदालतको फैसला अनुसार राज्यका हरेक तह र तप्काहरुमा थारुहरुको आरक्षणको व्यवस्था तथा सबैखाले थारु समुदायको बारेमा संविधान अनुरुपको ब्याख्या र व्यवस्था कायम गर्ने ।

४. संविधान बमोजिम थारुभाषी बाहुल्य क्षेत्रमा प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा पठनपाठनको व्यवस्था गर्ने ।

५. कमैया, कमलरी संघर्ष समितिसँग विगतमा सरकारले गरेको सहमति कार्यान्वयन गर्ने ।

६. संविधान गतिशील दस्तावेज हो, यसको संशोधन आवश्यकता र औचित्यका आधारमा राजनीतिक दलहरुबीच सहमति कायम गरी विभिन्न समयमा विभिन्न राजनीतिक दल र समुदायका तर्फबाट उठाइएका विषयहरुलाई सम्बोधन गरी

गरिने छ । यसै क्रममा थरुहट तराईको मूलवासी आदिवासी थारु समुदायको तर्फबाट हालै प्रस्तुत गरिएका र विगतमा नेपाल सरकार र थारु समुदायका बीचमा भएका सहमतिहरुका विषयमा संविधान संशोधनका क्रममा छलफल गरी सहमतिका साथ उपयुक्त निर्णय गरिनेछ ।

मिति: २०७८/२/१८

**नेपाल सरकारका तर्फबाट**

**माननीय कानून न्याय संसदीय मामिला मन्त्री तथा वार्ता टोली**

प्रमुख: लिलानाथ श्रेष्ठ

सदस्य: राजन भट्टराई

सदस्य: भगवती चौधरी

**थारु कल्याणकारिणी सभा, [redacted]**

**थारुहट/थारुवान संयुक्त संघर्ष समितिका तर्फबाट वार्ता टोली**

प्रमुख: रुकमिणी चौधरी

सदस्य: प्रेमीलाल चौधरी

सदस्य: पद्मनारायण चौधरी

सदस्य: प्रभात चौधरी

सदस्य: चन्द्रप्रसाद चौधरी